........................................को विधान

मिति:- २० ............

श्रीमान प्रमुख जिल्ला अधिकारी ज्यू

जिल्ला प्रशासन कार्यालय तौलिहवा कपिलवस्तु

विषय:- संस्था दर्ता गरी पाउँ।

हामीले “..........................” नामक संस्था, संस्था दर्ता ऐन २०३४ बमोजिम दर्ता गर्न चाहेकोले रू.१०      /- को टिकट टाँसी प्रस्तावित विधानको ४(चार) प्रति ,पदाधिकारीहरूको नागरिकताको प्रमाणको प्रतिलिपी १    /१ प्रति समेत यसै साथ सम्लग्न गरी देहायको विवरण खुलाई निवेदन गरेका छौ।

विवरण

१. संस्थाको नाम “ .............................. “
२. संस्थाको ठेगाना:-.................................. कपिलवस्तु
३. संस्थाको मूलभूत उद्धेश्यहरू:
   (क) .......................................।
   (ख) .......................................।
   (ग) ........................................।
   (घ) ........................................।
   (ङ) ....................................... ।
४. संस्थाको आर्थिक श्रोत : छैन।
५. तदर्थ समितिका पदाधिकारी

विवरण

| क्र.सं. | नाम थर | संस्थापकको पद | संस्थापकको वतन | पेशा | दस्तखत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |
| ९ | | | | | |

भवदीय............................

मितिः २०  /  /                                   संस्थाको अध्यक्ष

..................................को विधान २०....

प्रस्तावना: ....................................................

परिच्छेद-१

१. नाम र प्रारम्भ:

(क) यस संस्थाको नाम "....................... कपिलवस्तु रहनेछ भने यसलाई अंग्रेजीमा ........................................... Kapilvastu रहनेछ ।

(ख) प्रारम्भ: यो विधान संस्था दर्ता भएको मितिदेखि लागु हुनेछ ।

(ग) संस्थाको अस्तित्व: यो संस्था एक अविछिन्नत उत्तराधिकारवाला, संगठित, स्वशासित, गैर नाफामूलक, गैर राजनैतिक तथा गैर सरकारी धार्मिक संस्था हुनेछ।

(घ) यस संस्थाको मुख्य कार्यालय ..............कपिलवस्तु रहनेछ भने स्थानीय अधिकारीको अनुमतिले अन्य स्थानमा शाखा कार्यालयहरू संचालन गर्न सकिनेछ ।

(ङ) यो संस्था ............................. संस्थाको रुपमा रहनेछ ।संस्थाले ब्यक्ति सरह चल अचल सम्पत्ति खरिद वा विक्रि गर्न ,दान दातब्य लिन , उपभोग गर्न र बेचबिखन गर्न सक्नेछ ।

२. यस संस्थाको छाप अनुसूची १ बमोजिम हुनेछ ।

३. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा

(क) "विधान" भन्नावले "........................" को विधान २०..... सम्झनु पर्नेछ ।

(ख) "संस्था" भन्नाले "........................." सम्झनु पर्नेछ ।

(ग) “समिति” भन्नानले .................... को कार्य समिति भन्नेस बुझ्नु पर्नेछ। सो शब्दले कार्य समितिले गठन गर्ने उप समितिलाई समेत बुझ्नु पर्नेछ।

(घ) “पदाधिकारी” भन्ना्ले संस्थाको अध्यक्ष, उपाध्यक्ष, सचिव, उप सचिव र कोषाध्यक्षलाई बुझिनेछ।

(ङ) “सदस्य” भन्नानले संस्थाको विधान अनुसार सदस्यता प्राप्तक ब्यक्तिलाई सम्झनु पर्नेछ। सो शब्दले कार्य समितिको सदस्यलाई समेत सम्झनु पर्नेछ।

(च) “नियम विनियम” भन्नाालले संस्थाले उद्धेश्य प्राप्तिसका लागि विधानको अधिनमा रही बनाउने नियमहरूलाई बुझ्नु पर्नेछ।

(छ) “तोकिएको वा तोकिए बमोजिम” भन्ना ले संस्था सञ्चालनको क्रममा प्रचलित कानूनको पुर्ण पालना गरी कार्य समितिको निर्णय अनुसार तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्नेछ।

(ज) “ कार्य समिति” भन्नाुले विधान अनुसार गठित कार्य समितिलाई सम्झनु पर्नेछ

(झ) “संस्थापक सदस्य” भन्नाुले समिति गठन सम्बन्धि पहिलो बैठकमा उपस्थित सदस्यहरूलाई बुझिनेछ।

परिच्छेद- २

४. उद्धेश्यहरू :

यो संस्था मुनाफा रहित जनहितकारी सामाजिक संस्था हुनेछ।संस्थाका उद्धेश्यहरू देहाय बमोजिम हुनेछन्।

(क) ............................ ।

(ख) ............................ ।

(ग) ............................. ।

(घ) ......................... ....।

(ङ) ............................. ।

५. उद्धेश्य प्राप्ति.का लागि गरिने कार्यहरू:

(क) संस्थालाई आवश्यक जग्गा खरिद, भवन निर्माण, सवारी साधन खरिद वा भाडा लिई प्रयोग गर्ने र संस्थालाई आवश्यक सामग्री खरिद गरी कार्य गरिनेछ।

(ख) संस्थालाई आवश्यक मानवीय श्रोत ब्यवस्थापनका लागि कर्मचारी नियुक्ति गरी सेवा शर्तहरू निर्धारण गर्ने।

(ग) संस्थाको उद्धेश्य प्राप्तियका लागि अन्य कार्यहरू गर्ने।

(घ) माथि उल्लेखित कार्यहरू गर्न प्रचलित नेपाल कानून र नियमन निकायको अनुमति लिएर गरिनेछ।

परिच्छेद- ३

सदस्यता

६. सदस्यताको वर्गीकरण

(क) साधारण सदस्य

(ख) आजीवन सदस्य

(ग) मानार्थ सदस्य

(क) साधारण सदस्यता: यस संस्थाको विधानको दफा ६ अनुसार आवश्यक योग्यता पुगेका इच्छुक नेपाली नागरिकलाई कार्य समितिको निर्णयबाट अनुसुची २ को ढाँचामा सदस्यता प्रदान गर्न सकिनेछ।यस्तो सदस्यता प्रत्येक वर्ष तोकिएको शुल्क तिरी नवीकरण गराउनु पर्नेछ।

(ख) आजीवन सदस्यता: यस संस्थाको विधानको दफा ६ अनुसारका योग्यता पुगेका नेपाली नागरिकलाई तोकिएको शुल्क लिई कार्य समितिले अनुसुची ३ को ढाँचामा आजीवन सदस्यता प्रदान गर्न सक्नेछ।

(ग) मानार्थ सदस्यता: संस्थाको उद्धेश्य प्राप्तिका लागि विशेष योगदान पुर्याेउने स्वदेशी तथा विदेशी ब्यक्ति वा संस्थालाई साधारण सभाको निर्णयबाट मानार्थ सदस्यता प्रदान गर्न सकिनेछ।

७. सदस्यताका लागि आवश्यक योग्यता :

(क) १८ वर्ष पुगेको नेपाली नागरिक

(ख) मानसिक सन्तुलन नगुमेको

(ग) फौजदारी अभियोग नलागेको

(घ) संस्थाको विधानलाई निशर्त पालना गर्ने

(ङ) धार्मिक आचरण भित्र रहेको

(च) संस्थाको विधान अनुसार शपथ लिएको ।

८. सदस्यता वहाल रहन नसक्ने अवस्था:

(क) सदस्यताबाट राजिनामा दिई स्वीकृत भएमा ।

(ख) मानसिक सन्तुलन गुमाएको चिकित्सकबाट प्रमाणित भएमा ।

(ग) संस्थाको सम्पत्ति हिनामिना गरेमा

(घ) अदालतबाट कसुर ठहरी सजाय पाएमा ।

(ङ) संस्थाको हित विपरित कार्य गरेको पाइएमा ।

(च) सदस्यता नवीकरण नगरेमा ।

(छ) विना सुचना लगातार ३ पटक सम्म वार्षिक साधारण सभामा अनुपस्थितरहेमा

(ज) शपथ लिन अस्वीकार गरेमा ।

(झ) यस विधान बमोजिम संस्थाले गर्न नहुने भनि तोकिएको कुनै पनि कार्य गरेमा,कुनै व्यक्तिलाई संस्थाको सदस्यता प्राप्त गर्न वा वहाल रहन अयोग्य ठहराउनु भन्दा अघि संस्थाले निजलाई सो कुरा सुचना दिई सफाई सबुद पेश गर्ने मौका दिनुपर्नेछ ।

९. सदस्यता शुल्क र प्रदान गर्ने विधि:

(क) साधारण सदस्यता प्राप्तन गर्न रु. १५० तिरी निवेदन दिनु पर्नेछ र निवेदन परेको एक महिना भित्र कार्य समितिले प्रदान गर्ने वा नगर्ने कुराको जानाकारी गराउनु पर्नेछ । यसरी प्राप्तक गरेको सदस्यता प्रत्येक वर्ष आर्थिक वर्ष समाप्तत भएको एक महिना भित्र रु.५० तिरी नवीकरण गराउनु पर्नेछ ।कुनै कारणवस तोकिएको समयमा सदस्यता नवीकरण गर्न नसकेमा कार्य समितिको निर्णयबाट मात्र सदस्यता नवीकरण गर्न सकिनेछ ।

(ख) आजीवन सदस्यता: आजीवन सदस्यता प्रात गर्न रु.२५०० तिरी कार्य समिति समक्ष निवेदन दिनु पर्नेछ ।कार्य समितिले निवेदन परेको तीन महिना भित्र सदस्यता प्रदान गर्ने वा नगर्ने निर्णय लिई सक्नु पर्नेछ ।

(ग) मानार्थ सदस्यता: संस्थालाई विशेष योगदान पुर्याईउने ब्यक्ति वा संस्थालाई सम्मान स्वरुप साधारण सभाले मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ ।

## परिच्छेद-४
## साधारण सभा

१०. साधारण सभा तथा बैठक सम्बन्धि ब्यवस्था:

साधारण सभा संस्थाको सर्वोच्चै अंग हुनेछ यी दुई प्रकारका हुनेछन् ।

(क) वार्षिक साधारण सभा

(ख) विशेष साधारण सभा

(क) वार्षिक साधारण सभा: संस्था दर्ता भएको ३ महिना भित्र पहिलो साधारण सभा गर्नु पर्नेछ । त्यस पछिका वार्षिक साधारण सभाहरू प्रत्येक वर्ष आर्थिक वर्ष समाप्तं भएको ३ महिना भित्र गर्नु पर्नेछ ।वार्षिक साधारण सभाको सुचना १५ दिन अगाडी कार्य समितिले सुचना पाटी वा स्थानीय पत्र पत्रिकाको माध्यमबाट सभा हुने स्थान, मिति र समय स्पष्ट खुलाई सुचना गर्नु पर्नेछ ।

(ख) विशेष साधारण सभा: कायम रहेका कूल सदस्य संख्याको २५ प्रतिशत सदस्यले मनासिव कारण देखाई कार्य समिति समक्ष लिखित निवेदन दिएमा १५ दिन भित्र कम्तिमा ७ दिन अगावै सभा हुने स्थान, मिति र समय खोली विशेष साधारण सभा बोलाउनु पर्नेछ। यदि कार्य समितिको अध्यक्ष माथि उजुरी परेमा उक्त सभाको अध्यक्षता उपाध्यक्षले गर्नेछन्।यस्तो विशेष साधारण सभा बोलाउन साधारण सभा भएको ६ महिना बितिसकेको हुनु पर्नेछ ।

११. साधारण सभाको काम कर्तब्य र अधिकार :

(क) कार्य समितिले पेश गरेको योजना कार्यक्रमहरु र वार्षिक बजेट पारित गर्ने।

(ख) लेखापरीक्षकबाट प्राप्त वार्षिक लेखापरिक्षण प्रतिवेदन माथि छलफल गरी अनुमोदन गर्ने र लेखापरिक्षण प्रतिवेदनबाट देखिएका अनियमित बेरुजु रकमहरु माथि छलफल गरी नियमित गर्न नमिल्ने बेरुज रकमहरु अशुल उपर गरी फछ्यौट गर्नको लागि कार्य समितिलाई निर्देशन दिने।

(ग) अगामी वर्षको लागि लेखापरिक्षकको नियुक्ति गर्ने।

(घ) संस्थाको कार्य समिति प्रगति विवरण र संस्थाले गरेको कार्यहरुको मुल्यांकन कार्य समितिलाई आवश्यक निर्देशन दिने।

(ङ) संस्थाको कार्य समितिका पदाधिकारीहरुको पदावधि पुगेको अवस्थामा कार्य समितिका पदाधिकारीहरुको विधान बमोजिमको प्रकिया अन्तर्गत रही निर्वाचन गर्ने

(च) कार्य समितिद्धारा पेश भएका विधान संशोधन,नियम तथा विनियम स्वीकृत गर्ने।

(छ) समितिबाट संस्थाको हित अनुकुलका काम कारबाही औचित्य हेरी अनुमोदन गर्ने

(ज) संस्थाको सर्वोच्च  अंगको रुपमा आवश्यक कार्य सम्पादन गर्ने गराउने।

(झ) कार्य समितिबाट निर्णय भइ प्रदान गरीएका मानार्थ सदस्यता बारे छलफल गरी आवश्यक देखिएमा अनुमोदन गर्ने।

१२. गण पुरक संख्या: संस्थाका सबै सभा तथा बैठकको गणपुरक संख्या कुल सदस्य संख्याको ६६ प्रतिशत हुनेछ। पहिलो पटक बोलाइएको सभा तथा बैठक गण पुरक संख्या नपुगी दोश्रो पटकका लागि ५१ प्रतिशत आवश्यक हुनेछ। दोश्रो पटक पनि गणपुरक संख्या नपुगेमा तेश्रो पटकका लागि उपस्थित संख्यालाई नै गण पुरक संख्या मानी सभाहरू सञ्चा।लन गर्न सकिनेछ।

परिच्छेद-५

१३. कार्य समिति:

(क) कार्य समितिको गठन: वार्षिक साधारण सभाले यस संस्थाको कार्य समिति ९ जना निर्वाचित गर्नेछ।पदाधिकारीमा एक जना महिलाको अनिवार्य सहभागिता गराउनुका साथै कार्य समितिमा ३३ प्रतिशत महिलाको अनिवार्य सहभागिता गराउनु पर्नेछ। जसमा अध्यक्ष १ जना उपाध्यक्ष १ जना सचिव १ जना उप सचिव १ जना कोषाध्यक्ष १ जना ४ जना सदस्यहरू निर्वाचित हुनेछन्।

(ख) कार्य समितिको कार्यकाल ३ वर्षको हुनेछ।

(ग) निर्वाचित कुनै सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधीका लागि कार्य समितिले मनोनित गरी आगामी साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ।

(घ) कार्य समितिको बैठक कम्तिमा २ महिनामा एक पटक बोलाउनु पर्नेछ।

(ङ) कार्य समितिका एक चौथाई सदस्यले स्पष्ट कारण खोलाई बैठकको माग गरेमा अध्यक्षले ७ दिन भित्र अनिवार्य बैठक बोलाउनु पर्नेछ।

(च) कार्य समितिको बहुमतको निर्णय मान्य हुनेछ यदी मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछन् ।

१४. कार्य समितिको काम कर्तब्य र अधिकार:

(क) संस्थाको आगामी वर्षको वार्षिक कार्यक्रम तथा अनुमानित बजेट साधारण सभामा प्रस्तुत गर्ने।

(ख) विधान बमोजिमको व्यवस्था पालना गरी साधारण सभाको निर्णय कार्यान्वियन गर्ने,गराउने।

(ग) संस्थाको हितमा हुने कार्यहरु संचालन गर्ने।

(घ) साधारण सभाप्रति उत्तरदायी रहने।

(ङ) संस्थाको उद्देश्य प्राप्तिनका लागी उपलब्ध साधन र श्रोतको मितव्ययी तरिकाले प्रयाग गर्ने ।

(च) संस्थाको कार्य योजना बनाउने,श्रोत जुटाउने,कार्यान्वयन गर्नुका साथै सुपरिवेक्षण र अनुगमन गर्ने ।

(छ) संस्थाको कोष र सम्पति सुरक्षित तरिकाले राख्न लगायने र बैंक खाता खोली संचालन गर्ने ।

(ज) संस्थाको कर्मचारीहरुको सेवा शर्त र सुविधा आदि सम्बन्धी कर्मचारी विनियमावली बनाई साधारण सभाबाट स्वीकृत गराई लागु गर्ने गराउने ।

(झ) संस्थाको उद्देश्य परिपुर्तिको लागि आफ्नो कार्य अवधिमा उपयुक्त व्यक्तिहरु सल्लाहकारमा नियुक्ति गर्ने ।

(ञ) संस्थाको नेतृत्वदायी भुमिका निर्वाह गर्ने ।

(ट) संस्थाको कार्य सम्पादन ,अतिथि सत्कारमा कार्य समितिका पदाधिकारीबाट गरिने खर्च जस्तै:-संचार , इन्धन, यातयात, कुनै कार्यक्रमको संचालनमा गरिने चिया ,नास्ता,खाना,आवास व्यवस्था ,कुनै संस्थाले गरेको निमन्त्रणमा जाने र प्रदान गर्ने उपहार,पुरस्कार वा सम्मान लिने दिने अवसरका खर्च पारित गर्ने ।

(ठ) संस्थाको तर्फबाट भैपरि आउने मुद्धा मामिलामा फिराद ,प्रतिवाद पुनरावेदन ,निवेदनपत्र,मिलापत्र लगायत अन्य सम्पुर्ण कामकारवाही गर्ने गराउने तथा आफ्नो अधिकार प्रयोग तथा प्रदान गर्ने गराउने ।

१५. पदाधिकारीहरूको काम कर्तब्य र अधिकार:

१)अध्यक्ष

क) कार्यसमिसतको बैठक बोलाउन सचिवलाई निर्देशन गर्ने ।

ख) कार्य समिति एवं साधारण सभाको बैठकको अध्यक्षता गर्न ।

ग) संस्थाको प्रमुख भै संस्थाको कार्य गर्ने ।

घ) कार्य समितिको परार्मशमा संस्थाका पदाधिकारी एवं सदस्यको राजीनामा स्वीकृत गर्ने ।

ङ) निर्णायक मत दिने,साधारण सभा र कार्य समितिका निर्णयहरुको कायान्वयन गर्ने गराउने ।

२) उपाध्यक्ष

क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पुर्ण कार्य गर्ने ।

ख) अध्यक्ष तथा कार्य समितिले तोकेको अन्य कार्य गर्ने ।

३) सचिव

क) अध्यक्षको परार्मशमा बैठक बोलाउने ।

ख) संस्थाको सम्पुर्ण अभिलेख अद्यावधिक राख्ने ।

ग) साधारण सभामा वार्षिक प्रतिवेदन पेश गर्ने ।

घ) संस्थाको कार्य संञ्चालनमा अध्यक्षलाई सहयोग गर्ने र संस्थाको तर्फबाट पत्रचार सम्पर्क प्रचार गर्ने ।

ङ) अध्यक्ष तथा कार्य समितिले तोकेको अन्य कार्यहरु गर्ने ।

४) उपसचिव

क) सचिवको अनुपस्थितिमा उसले गर्ने काम कार्य गर्ने ।

ख) अध्यक्ष तथा सचिवले तोकेको अन्य कार्य गर्ने ।

५) कोषाध्यक्ष

क) प्रचलित कानुन अनुसार लेखा विवरण अद्यावधिक राख्ने।

ख) साधारण सभा र कार्य समितिमा आय व्याय विवरण पेश गर्ने।

ग) अध्यक्षको सामान्य रेखदेखमा कोषको सुरक्षा गर्ने।

घ) कोषको वृद्धिका लागी आवश्यक कार्य गर्ने।

ङ) संस्थाको आर्थिक बजेट तयार गर्ने र कार्य समितिले तोकेको अन्य कार्य गर्ने।

६) सदस्यहरु

क) कार्यसमितिले तोकेको कार्य गर्ने।

ख) तोकिएको कार्यको प्रतिवेदन कार्य समितिमा पेश गर्ने।

परिच्छेद-६

१६. संस्थाको कोष:

(क) संस्थाको दीगोपनाका लागि आफ्नो एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहाय बमोजिमको प्राप्त रकमहरु रहने छन्।

(ख) सदस्यता वापत प्राप्त शुल्कको रकम

(ग) कसैले स्वेच्छाले दिएको अनुदान, सहायता वापत प्राप्त रकम

(घ) संस्थाको चल अचल सम्पति वा अन्य वस्तुको बिक्रीबाट प्राप्त रकम

(ङ) राष्ट्रिय तथा अन्तराष्ट्रिय सघं सस्था वा व्यक्तिबाट सहयोग एवं अनुदान वापत प्राप्त रकम।

१७. खाता सञ्चातलन:

संस्थाको आय ब्यय बैंकमा खाता खोली सञ्चांलन गरिनेछ अध्यक्ष,सचिव र कोषाध्यक्षको संयुक्त दस्तखत मध्ये कुनै दुईको दस्तखतबाट खाता संचालन हुनेछ। कोषाध्यक्षको दस्तखत अनिवार्य हुनु पर्नेछ। प्रचलित ऐन नियम अनुसार खर्चको श्रेष्ता राख्ने व्यवस्था गरिनेछ।

१८. संस्थाको लेखा र लेखापरीक्षण:

क) संस्थाको आय व्ययका लेखा प्रचलित कानुन बमोजिम राखिने छ।

ख) संस्थाको लेखा परिक्षण प्रचलित कानुन बमोजिम रजिष्टर्ड लेखापरीक्षकबाट हुनेछ

ग) नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुनसुकै बखतमा पनि आफै वा मातहतमा कर्मचारीहरु खटाई संस्थाको हिसाब किताब जाँच्न वा जचाउन सक्नेछ

घ) लेखापरिक्षकको नियुक्ति साधारण सभाबाट हुनेछ।

ङ) लेखापरीक्षण प्रतिवेदन प्रत्येक वर्ष समाज कल्याण परिषद र स्थानीय अधिकारी समक्ष पेश गरिनेछ।
तर प्रथम वार्षिक साधारण सभा नभए सम्म लेखा परीक्षकको नियुक्ति कार्य समितिबाट हुनेछ।

परिच्छेद-७

निर्वाचन:

१९. निर्वाचन सम्बन्धि ब्यवस्था:

(क) कार्य समितिको निर्वाचन प्रयोजनको लागि बढीमा ३ जनाको एक निर्वाचन समिति कार्य समितिको सहमतिद्धारा गठन गरी साधारण सभाबाट अनुमोदन गरिनेछ।

(ख) निर्वाचन समितिले प्रचलित कानुन बमोजिम आफ्नो कार्यविधि आफै व्यवस्थित गर्नेछ।

(ग) निर्वाचन सम्बन्धी विवाद उत्पन्न भएमा निर्वाचन समितिको निर्णय नै अन्तिम हुनेछ।

(घ) निर्वाचन सम्पन्न भएपछि निर्वाचन समिति स्वत: विघटन हुनेछ।

(ङ) नयाँ कार्य समिति गठन नहुँदा सम्म साविककै कार्य समितिले कार्य गर्नेछ।

२०. उम्मेदवार हुने योग्यता:

उम्मेदवार हुन देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछ ।

(क) संस्थाको सदस्यता प्राप्त गरेको ।

(ख) संस्थाको क्रियाकलापमा सकृय भई संस्थाले गरेको हरेक निर्णय पालन गर्ने गरेको ।

(ग) संस्थाको रकम हिनामिना नगरी आफु जिम्मा रहेको नगदी जिन्सी बुझाई फरफारक गरेको ।

२१. अविश्वा ासको प्रस्ताव:

१) कार्य समितिको पदाधिकारीहरु तथा सदस्यहरू माथि देहाय बमोजिमको अवस्थामा अविश्वासको प्रस्ताव प्रस्तुत गर्न सकिन्छ ।

क) कुनै पदाधिकारी वा सदस्यले विधान विपरीत कार्य गरेको भन्ने लागेमा ।

ख) संस्थालाई नोक्सान पुर्या ाएको भन्ने लागेमा ।

२) प्रस्तुति

क) साधारण सभामा सदस्यहरु मध्येबाट कम्तीमा एकचौथाई सदस्यहरुले कारण सहित लिखित निवेदन पेश गरेमा १५ दिन भित्र विशेष साधारण सभा बोलाउनु पर्दछ ।

ख) निर्णय प्रक्रियामा यसरी प्रस्तुत भएको अविश्वासको प्रस्ताव उपर छलफल भई निर्णय पेश हुदा साधारण सभामा दुई तिहाई सदस्यले प्रस्तावकको पक्षमा समर्थन जनाएमा अविश्वासको प्रस्ताव पारित हुनेछ ,अविश्वासको प्रस्ताव पारित भएपछि सो पदाधिकारी स्वत पदमुक्त हुनेछन् तर सम्बन्धित व्यक्तिलाई सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन् ।

ग) अविश्वासको प्रस्ताव वार्षिक साधारण सभामा पनि पेश गर्न सकिने छ तर निर्वाचन सम्पन्न भएको ६ महिना नबित्दै वा अविश्वासको प्रस्ताव बिफल भएको ६ महिना नबित्दै सोहि पदाधिकारी माथि अविश्वासको प्रस्ताव पेश गर्न सकिने छैन

२२. विधान संशोधन: कुल सदस्य संख्याको दुई तिहाई सदस्यहरुको अनुमोदन गरे पश्चात मात्र संस्थाको कुनै दफा संसोधन वा खारेजका लागि स्थानीय अधिकारी समक्ष सिफारिस गरी पठाउनु पर्नेछ । स्थानीय अधिकारीबाट स्वीकृत भए पश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेज भएको मानिनेछ ।

२३. विनियम बनाउन सक्ने :

संस्थाले आफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा आवश्यक विनियमहरु बनाउन सक्नेछ उक्त नियमावली साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ र सो को जानकारी स्थानीय अधिकारीलाई दिनुपर्ने छ ।

२४. तदर्थ समिति: यो संस्था स्थापना गरी दर्ता गराउनको लागि गठित तदर्थ समितिले ६ महिना भित्र विधान अनुसारको निर्वाचित कार्य गर्नका लागि तदर्थ समितिको गठन गर्नु पर्नेछ । यो अवधिमा तदर्थ समितिले गरेका कार्यहरु यसै विधान अनुसार भए गरेको मानिनेछ ।

२५. संस्था खारेजी: साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरि संस्था खारेज गर्न सक्नेछ ।

(क) उपदफा १ बमोजिम खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एक भन्दा बढी लिक्विडेटरहरु र संस्थाको हिसाब किताब जांच गर्नका लागि एक वा एक भन्दा बढी लेखा परिक्षकहरु नियुक्त गर्न सक्नेछन । लिक्विडेटर र लेखा परिक्षकहरुको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ ।

(ख) उपनियम २) बमोजिम नियुक्त ,लिक्विडेटर तथा लेखापरिक्षकहरुले संस्था खारेजी सम्बन्धि काम कारवाही गर्ने छन ।

२६. संस्था खारेज भएमा संस्थाको जायजेथा (सम्पति) संस्था दर्ता सम्बन्धि ऐन अनुसार हुनेछ ।

२७. ऐन अनुसार हुने: यस विधानमा उल्लेख नभएका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछन र संस्था दर्ता ऐन नियम प्रचलित कानुन संग बाझिन गएका कुराहरु स्वत अमान्य हुनेछ । संस्थाले आफ्नो हक अधिकारको प्रयोग गर्दा अरुको हक अधिकारमा असर पर्ने कुनै कार्य गर्ने छैन र कानुन विपरित कार्य गर्ने छैन ।

२८. विविध:

(क) कार्य समितिको निर्णयले संस्थाको उद्देश्य पुरा गर्न आवश्यक ठानेमा सल्लाहकार समिति ,समितिहरू र विभिन्न उप समिति गठन गर्न सक्नेछ ।यसरी गठित समितिको कार्यकाल कार्य समितिले तोके बमोजिम हुनेछ ।

२९. शपथ ग्रहण: संस्थाका सबै सदस्यहरू र निर्वाचित सदस्यहरूले अनुसुची ४ बमोजिम अनिवार्य शपथ लिनु पर्नेछ ।

३०. हाम्रो जयनगर मुस्लिम समाज केन्द्र निम्न संस्थापकहरु यस विधान बमोजिम कार्य गर्न मञ्जुर भै निम्न साक्षीको रोहवरमा विधानमा सहिछाप गर्दछौं ।

| संस्थापकको नाम थर ठेगाना | साक्षीको नाम थर ठेगाना |
|---|---|
| नाम थर :<br>पद: अध्यक्ष<br>स्थायी ठेगाना:<br>हालको ठेगाना:.<br>सम्पर्क नं<br>दस्तखत: | नाम थर :<br>स्थायी ठेगाना:<br>हालको ठेगाना:.<br>दस्तखत: |
| नाम थर :<br>पद: उपाध्यक्ष<br>स्थायी ठेगाना:<br>हालको ठेगाना:.<br>सम्पर्क नं<br>दस्तखत: | नाम थर :<br>स्थायी ठेगाना:<br>हालको ठेगाना:.<br>दस्तखत: |
| नाम थर :<br>पद:<br>स्थायी ठेगाना:<br>हालको ठेगाना:.<br>सम्पर्क नं<br>दस्तखत : | नाम थर :<br>स्थायी ठेगाना:<br>हालको ठेगाना:.<br>दस्तखत: |
| नाम थर :<br>पद:<br>स्थायी ठेगाना:<br>हालको ठेगाना:.<br>सम्पर्क नं<br>दस्तखत: | नाम थर :<br>स्थायी ठेगाना:<br>हालको ठेगाना:.<br>दस्तखत: |
| नाम थर :<br>पद: कोषाध्यक्ष<br>स्थायी ठेगाना:<br>हालको ठेगाना:.<br>सम्पर्क नं<br>दस्तखत: | नाम थर :<br>स्थायी ठेगाना:<br>हालको ठेगाना:.<br>दस्तखत: |
| नाम थर :<br>पद: सदस्य<br>स्थायी ठेगाना:<br>हालको ठेगाना:.<br>सम्पर्क नं<br>दस्तखत: | नाम थर :<br>स्थायी ठेगाना:<br>हालको ठेगाना:.<br>दस्तखत: |
| नाम थर : | नाम थर : |

| | |
|---|---|
| पद: सदस्य<br>स्थायी ठेगाना:<br>हालको ठेगाना:.<br>सम्पर्क नं<br>दस्तखत: | स्थायी ठेगाना:<br>हालको ठेगाना:.<br>दस्तखत: |
| नाम थर :<br>पद: सदस्य<br>स्थायी ठेगाना:<br>हालको ठेगाना:.<br>सम्पर्क नं<br>दस्तखत: | नाम थर :<br>स्थायी ठेगाना:<br>हालको ठेगाना:.<br>दस्तखत: |
| नाम थर :<br>पद: सदस्य<br>स्थायी ठेगाना:<br>हालको ठेगाना:.<br>सम्पर्क नं<br>दस्तखत: | नाम थर :<br>स्थायी ठेगाना:<br>हालको ठेगाना:.<br>दस्तखत: |

अनुसुची-१

(क) संस्थाको छाप

(ख) संस्थाको छापको नमूना

अनुसुची-२ साधारण सदस्यता

.................जिल्ला .....................पालिका...........वडा .........बस्ने  तपाइँ श्री .....................लाई यस संस्थाको साधारण सदस्यता प्रदान गरिएको छ ।संस्थाको उद्धेश्य प्राप्ति.का लागि यहाँको अतुलनीय सहयोग रहनेछ भन्नो विश्वाउस लिइएको छ ।विधानको अधिनमा रही सफलताका साथ कार्य सम्पादन गर्नु हुनेछ भन्ने. पूर्ण विश्वा◌ेसका साथ उत्तरोत्तर प्रगतिको कामना गर्दछौ ।

अनुसुची -३ आजीवन सदस्यता

.................जिल्ला .....................पालिका...........वडा .........बस्नो तपाइँ श्री .....................लाई यस संस्थाको आजीवन सदस्यता प्रदान गरिएको छ ।संस्थाको उद्धेश्य प्राप्ति.का लागि यहाँको अतुलनीय सहयोग रहनेछ भन्नो विश्वारस लिइएको छ ।विधानको अधिनमा रही सफलताका साथ कार्य सम्पादन गर्नु हुनेछ भन्ने. पूर्ण विश्वा◌ेसका साथ उत्तरोत्तर प्रगतिको कामना गर्दछौ ।

अनुसुची- ४

शपथ ग्रहण

पद तथा गोपनियतताको शपथको ढाँचा

म..............................नेपालको राजकियसत्ता र सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधान प्रति पूर्ण वफादार रही सत्य निष्ठा पुर्वक अल्लाह र अल्लाह रसुल्लाईको नाममा शपथ लिन्छु की .......................पदको जिम्मेवारी वहन गर्दा प्रचलित नेपालको कानूनको पालना गरी मुलुक र जनताको भलो चिताई मुस्लिम समुदायको हितका लागि कसैको डर नमानी पक्षपात नगरी पुर्वाग्रह वा खराब भावना नलिई इमान्दारीका साथ गर्नेछु र आफ्नो कर्तब्यको पालनाको सिलसिलामा आफुलाई जानाकारी आएको कुरा म पदमा वहाल रहँदा वा नरहँदा जुन सुकै अवस्थामा पनि प्रचलित कानूनको पालना गर्दा वाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा संकेत गर्ने छैन ।

सही

नामथर

पद

मिति

आज मिति २०... साल ......गतेका दिन कपिलवस्तु जिल्ला  नगरपालिका कपिलवस्तुका हामी तपसिलका ब्यक्तिहरू भेला भई देहाय बमोजिमको निर्णय गरियो ।

| क्र.सं. | नामथर | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |
| ९ | | | |

| | | | |
|---|---|---|---|
| १० | | | |
| ११ | | | |
| १२ | | | |
| १३ | | | |
| १४ | | | |
| १५ | | | |
| १६ | | | |
| १७ | | | |
| १८ | | | |
| १९ | | | |
| २० | | | |
| २१ | | | |
| २२ | | | |
| २३ | | | |
| २४ | | | |
| २५ | | | |
| २६ | | | |
| २७ | | | |
| २८ | | | |
| २९ | | | |
| ३० | | | |
| ३१ | | | |
| ३२ | | | |
| ३३ | | | |
| ३४ | | | |
| ३५ | | | |

प्रस्तावहरू

प्रस्ताव नं -१.संस्था गठन तथा नाम र ठेगाना सम्बन्धमा ।

प्रस्ताव नं -२.संस्थाको तदर्थ समिति गठन सम्बन्धमा ।

प्रस्ताव नं -३.संस्थाको विधान मस्यौदा समिति सम्बन्धमा ।

प्रस्ताव नं -४.विविध ।

निर्णयहरू

१. प्रस्ताव नं १ माथि छलफल गर्दा संस्था गठन गर्ने महसूस गरी गैर सरकारी संस्था गठन गर्ने सहमति भएकाले .................. नामको संस्था गठन गर्ने र उक्त संस्थाको कार्यालय .................... कपिलवस्तुमा रहने गरी जिल्ला प्रशासन कार्यालय तौलिहवा कपिलवस्तुमा दर्ता गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा संस्था दर्ता एवं स्थापनाका प्रारम्भिक कामहरू सम्पन्न गरी विधान बमोजिम कार्य समितिको निर्वाचन सम्पन्न गराउनका लागि देहाय बमोजिम तदर्थ समिति गठन गर्ने निर्णय गरियो ।

| पद | नामथर | संख्या | कैफियत |
|---|---|---|---|
| अध्यक्ष | | | |
| उपाध्यक्ष | | | |
| सचिव | | | |
| उप सचिव | | | |
| कोषाध्यक्ष | | | |
| सदस्य | | | |
| सदस्य | | | |
| सदस्य | | | |
| सदस्य | | | |

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा प्रचलित कानून बमोजिम संस्थाको विधान मस्यौदा तयार गर्नका लागि देहायका ब्यक्ति रहेको एक विधान मस्यौदा समिति गठन गर्ने र उक्त समितिले विधान मस्यौदा तयार गरी तदर्थ समिति समक्ष पेश गर्ने विधान समितिले पेश गरेको विधान तदर्थ समितिले स्वीकृत गरी जिल्ला प्रशासन कार्यालयमा संस्था दर्ताको कार्य गर्ने निर्णय गरियो ।

विधान मस्यौदा समिति

१.

२.

३.

आज मिति २०.... साल .... .... गतेका दिन कपिलवस्तु जिल्ला कपिलवस्तु .......................... कपिलवस्तुमा ............................ को तदर्थ समितिको बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

| पद | नामथर | हस्ताक्षर |
|---|---|---|
| अध्यक्ष | | |
| उपाध्यक्ष | | |
| सचिव | | |
| उप सचिव | | |
| सदस्य | | |
| सदस्य | | |
| सदस्य | | |
| सदस्य | | |
| सदस्य | | |

प्रस्तावहरू:

प्रस्ताव नं -१. संस्थाको विधान मस्यौदा सम्बन्धमा ।

प्रस्ताव नं -२.संस्थाको अख्तियारी सम्बन्धमा ।

निर्णयहरू:

निर्णय नं -१

प्रस्ताव नं १ माथि छलफल गर्दा मिति २०... ........ गतेका दिन विधान मस्यौदा समितिले तयार पारेको विधान स्वीकृत गरी स्वीकृत विधान सहित संस्था दर्ताका लागि जिल्ला प्रशासन कार्यालय कपिलवस्तुमा अनुरोध गर्ने साथै विधान समितिका सदस्यहरूलाई धन्यबाद दिने निर्णय गरियो ।

निर्णय नं-२

प्रस्ताव नं २ माथि छलफल गर्दा स्वीकृत विधान सहित दर्ता सम्बन्धि कार्य सम्पन्न गर्नका लागि तदर्थ समितिका अध्यक्ष ............... र ...................... सचिवलाई अख्तियारी दिने निर्णय गरियो ।